पाठ ५४

१. परमेश्वरको वचनमा विश्वास गर्नुभन्दा बरु फरिसी र व्यवस्थाका शिक्षकहरूले के देख्न चाह गरे ?
- तिनीहरूले चमत्कारको चिन्ह देख्न चाह गरे ।

२. किन फरिसीहरू र व्यवस्थाका शिक्षकहरूले येशूबाट अरु थप चमत्कारका चिन्हहरू मागिरहेका थिए ?
- किनभने तिनीहरूलाई येशू नै उद्धारकर्ता परमेश्वर हुनुहुन्छ भन्ने पत्यार थिएन ।

३. यदि हामीले चमत्कारका चिन्हहरू देखेर मात्रै परमेश्वरमा विश्वास गर्छौं भन्छौं भने हामीले के गरिरहेका हुन्छौं ?
- यही कि परमेश्वरको वचन झूठो हो ।

४. मानिसलाई केवल कुन एक मात्रै चिन्ह दिइनेछ भनेर येशूले भन्नुभयो ?
- योनाको चिन्ह ।

५. योनाको चिन्ह के थियो ?
- जसरी योना ठूलो माछाको पेटभित्र तीन रात र तीन दिनसम्म परेका थिए त्यसरी नै येशू पनि धर्तिको पेटभित्र तीन रात र तीन दिनसम्म पर्नुहुनेथियो ।
- जसरी परमेश्वरले योनालाई ठूलो माछाको पेटभित्रबाट तीन रात र तीन दिनपछि निकाल्नुभएको थियो त्यसरी नै येशूलाई पनि उहाँले तीन रात र तीन दिनपछि धर्तिको पेटबाट निकाल्नुहुनेथियो ।

६. येशूले किन यहूदीहरू निनवेका बासिन्दा भन्दा अझ दुष्ट छन् भन्नुभयो ?
- किनभने निनवेका मानिसहरूले योनाले सिकाएपछि पश्चात्ताप गरे तर यहूदीहरूले उद्धारकर्ता येशूले सिकाउनु भए तापनि पश्चात्ताप गरेनन् ।

- फरिसीहरू येशूलाई किन घृणा गर्थे ?
- किनभने येशूले तिनीहरूलाई आफू उद्धारकर्ता परमेश्वर हुँ भन्नुभएको थियो ।

- फरिसीहरू येशू केवल एकजना मानव हुनुहुन्छ भनी ठान्थे ।
- फरिसीहरू येशूलाई कसैले पनि परमेश्वर भनून भनी चाहदैनथे ।

- फरिसीहरू अरू के कारणले येशूलाई घृणा गर्थे ?

- किनभने येशूले तिनीहरूलाई भन्नुभयो कि तिनीहरू पापी हुन् र यदि तिनीहरूले पश्चाताप गरेनन् भने परमेश्वरले तिनीहरूलाई दण्ड दिनुहुनेछ ।

- फरिसीहरूले तिनीहरू आफू पापमा जन्मिएको भन्ने कुरा स्वीकार गरेनन् ।
- फरिसीहरूलाई तिनीहरूले आफ्नो जीवनकाल भरि नै कुनै पाप नगरेको भन्ने भ्रम थियो ।

- अरू के कारणले यहूदीहरू येशूलाई घृणा गर्थे ?

- किनभने धेरै मानिसहरूले येशूलई पछ्याउँथे यस कारणले फरिसीहरू येशूसँग डाहले मर्थे ।

- फरिसीहरू मानिसहरूले आफ्नो कुरा सुनून् तर येशूको कुरा नसुनून् भन्ने चाहन्थे ।

- किनभने फरिसीहरूले येशूलाई घृणा गरेको कारणले तिनीहरूले येशूले कहिँकतै परमेश्वरको आज्ञा उल्लङ्घन गर्नु पो भइहाल्छ कि भनेर निगरानी गर्थे ।

- यदि येशूले परमेश्वरको एउटै वचन उल्लङ्घन गर्नुहुन्थ्यो भने फरिसीहरूले के गर्नेथिए ?
- तिनीहरूले येशूलाई निन्दा गरेर मार्नेथिए ।

- के येशूले परमेश्वरको एउटै वचन उल्लङ्घन गर्नुभयो ।
- भएन ।

- येशूले किन परमेश्वरको एउटै वचन उल्लङ्घन गर्नुभएन ।

- किनभने येशू सिद्ध हुनुहुन्छ ।
- किनभने येशू परमेश्वर हुनुहुन्छ ।
- किनभने येशू पापरहित हुनुहुन्छ ।
- किनभने येशूले पिता परमेश्वरको वचन पालन गर्नुभयो ।

- किनभने येशूले परमेश्वरको वचन पालन गर्नुभयो उहाँले फरिसीहरूको वचन पालन गर्नुभएन ।

- येशूले किन फरिसीहरूले भनेको मान्नुभएन ।
- किनभने फरिसीहरूले परमेश्वरको वचन परवर्तन गर्थे ।

- फरिसीहरूले कसरी परमेश्वरको वचन परिवर्तन गर्थे ?

- फरिसीहरूले परमेश्वरको आज्ञामा आफ्नै नियम थप्थे ।

- जब फरिसीहरूले तिनीहरूको आफ्नै नियम परमेश्वरको आज्ञामा थप्थे तिनीहरूले परमेश्वरको वचनलाई झूठो बनाउने कोशिशस गर्थे ।

- फरिसीहरूले परमेश्वरवको वचनमा थपेको अर्को नियम थियो शबाथको दिनमा कसैले पनि कसैलाई निको हुने आज्ञा दिनुहुदैन ।

- फरिसीहरूले परमेश्वरको आज्ञामा यो नियम किन थपे ?

- किनभने तिनीहरूले भने कि कसैलाई निको पार्नु भनेको काम हो र परमेश्वरले तिनीहरूलाई शबाथको दिनमा काम गरेको मन पराउनुहुन्न ।

- फरिसीहरूले थपेको नियमले परमेश्वरको वचनलाई झूठो तुल्यायो ।

- एउटा शबाथको दिनमा येशू कुनै सभाघरमा जानुभयो ।

आउनुस् मर्कूस ३:१-२ पद पढौं ।

अर्को दिन योशू सभाघरमा जानुभयो, त्यहाँ एकजना मानिसको एउटाहात सुकेको थियो। [2] कोही यहूदीहरू त्यहाँ येशूले विश्रामको दिनमा त्यसलाई निको पार्नुहुन्छ, कि भनी उहाँको ध्यान सहित चियो गर्दैथिए, तब तिनीहरूले दोष लाउन चाहाँन्थे।

- जब येशू सभाघरमा जानुभयो त्यहाँ एउटा हात सुकेको मानिस थियो ।

- किन फरिसीहरूले त्यहाँ येशूलाई नजिकबाट नियालीरहेका थिए ?

- किनभने येशूले त्यस मानिसलाई शबाथको दिनमा उपचार गर्नुहुन्छ कि भनी तिनीहरू हेर्न चाहन्थे ।

- शबाथ दिनमा कसैले येशूले निको पार्नुभयो भने के परमेश्वर रिसाउनुहुनेथियो ?
- थिएन ।

- शबाथ दिनमा कसैलाई येशूले निको पारेमा परमेश्वर किन रिसाउनुहुनेथिएन ?

- किनभने कसैलाई शबाथको दिनमा उपचार गर्नु कुनै काम होइन ।
- किनभने पिता परमेश्वरले येशूले मानिसहरू निको पारेको देख्न चाहनुहुन्थ्यो ।

- येशूले के गर्नुभयो ?

आउनुस् मर्कूस् ३:३-५ पद पढौं ।

3 येशूले त्यो सुकेको हात भएको मानिसलाई भन्नुभयो, "यहाँ खडा हौ, अनि सबै मानिसहरूले
तिमीलाई देख्न सक्नेछन्।" 4 अनि येशूले मानिसहरूलाई भन्नुभयो, "विश्रामको दिनमा, कुन चाँहि
काम गर्न अनुमति दिइन्छः असल गर्न वा खराबगर्न? कसैको प्राण बँचाउनु की नास गर्न?"
मानिसहरूले येशूलाई कुनै जवाफ दिएनन्। 5 येशूले चारै तिर मानिसहरूलाई रिसाएर हेर्नुभयो, उहाँ
खूबै दु:खीत बन्नुभयो किनभने तिनीहरू कठोर हृदयका थिए। येशूले त्यस मानिसलाई भन्नुभयो,
"तिम्रो हात मलाई देखाऊ" त्यस मानिसले आफ्नो हात येशूको अघि पसार्यो अनि तुरून्तै निको
भइहाल्यो।

- येशू किन फरिसीहरूसँग रिसाउनुभएको थियो ?
- किनभने येशूले फरिसीहरूको हृदय कठोर भएको देख्नुभएको थियो ।

- तिनीहरूको हृदय कठोर छ भन्ने कुरा येशूलाई कसरी थाहा भयो ?

- किनभने येशू हरेक मानिसको हरेक हृदय जाँच गर्न सक्नुहुन्छ ।
- किनभने येशूलाई हरेक मानिसको हरेक हृदय थाहा छ ।

- येशूले फरिसीहरूको हृदय हर्नुभयो र तिनीहरूले परमेश्वरले सिकाउनुभएको कुरा पालन गर्न नचाहेको देख्नुभयो ।

- परमेश्वरले हामीलाई सिकाउनुभएको कुरा नसुन्नु एकदमै खराब कुरा हो ।

- फारोले परमेश्वरले सिकाउनुभएको कुरा सुनेनन् र परमेश्वरले तिनलाई मृत्युको दण्ड दिनुभयो ।

- इज्रेलीहरूले मरुभूमिमा परमेश्वरले सिकाउनुभएको कुरा सुनेनन् र परमेश्वरले तिनीहरूलाई मृत्युको दण्ड दिनुभयो ।

- जसले परमेश्वरले भनेको कुर मान्दैनन् तिनीहरूलाई परमेश्वर मृत्युको दण्ड दिनुहुन्छ ।

- के येशूले हात सुकेको मानिसलाई उपचार गर्नुभयो ?
- गर्नुभयो ।

- को मात्रै त्यसरी हात सुकेको मानिसलाई पूर्णरूपमा निकोपार्न सक्षम थियो ?
- परमेश्वर ।

- त्यो हात सुकेको मानिसलाई येशूले कसरी निको पार्नुभयो ?
- केवल बोलेर ।

- आदिमा परमेश्वरले कसरी पृथ्वीको सृष्टि गर्नुभयो ।
- केवल बोलेर

- जसरी येशूले बोलेर पृथ्वीको सृष्टि गर्नुभयो उसरी नै येशूले त्यस हात सुकेको मानिसको उपचार केवल बोलेरै गर्नुभयो ।

- येशूले त्यस मानिसको उपचार गरेपछि फरिसीहरूले के गरे ?

आउनुस् मर्कूस् ३:६ पद पढौं ।

6 तब फरिसीहरू बाहिर गए, हेरोदीहरूलाई लिएर येशूलाई कसरी मार्नै भनेर योजना बनाउन शुरू गरे।

- फरिसीहरू सभाघरबाट बाहिर निस्किए र येशूलाई कसरी मार्ने भनी षड्यन्त्र लागे ।

- फरिसीहरूले यो षड्यन्त्रको तानाबाना कसकहाँ लगे ?
- हेरोदीहरूकहाँ ।

- हेरोदीहरू को थिए ?

- राजा हेरोदलाई पछ्याउनेहरू हेरोदीहरू थिए ।

- हेरोदीहरूले पनि येशू उद्धारकर्ता परमेश्वर हुनुहुन्छ भनेर विश्वास गर्दैनथे ।

- यी हेरोद राजा ती हेरोद राजाका छोरा थिए जो येशू बालकै छँदा उहाँलाई मार्न चाहन्थे ।

- येशूले गर्नुभएका चमत्कारको बारेमा सुनेपछि मानिसहरूले के गरे ?

आउनुस् मर्कूस् ३:८ पद पढौं ।

[8] यहूदिया, यरूशलेम, इदूमिआ यर्दननदीको अर्कोतर्फ अनि टायर र सीदोनका इलाकाबाट पनि धेरै मानिसहरू त्यहाँ आई पुगे। ती मानिसहरू येशूले गरेका सबै कुराहरू सुनेर आएका थिए।

- धेरै मानिसहरू येशूकहाँ आए ।

- तिनीहरू येशूको शिक्षा सुन्न आए ।

- तिनीहरू आफ्नो रोगबाट निको हुन आए ।

- तिनीहरूलाई येशू तिनीहरूलाई निको पार्न सक्नुहुन्छ भन्ने थाहा थियो ।
- केवल परमेश्वरमात्रै हामीलाई निको पार्न सक्नुहुन्छ ।

- किनभने धेरै मानिसहरू येशूलाई हेर्न आएको हुनाले त्यहाँ चाँडै ठूलो भीड जम्मा भयो ।

आउनुस् मर्कूस् ३:९-१० पद पढौं ।

[9] उहाँले ती सबै मानिसहरूलाई देख्नुभयो, अनि उहाँले आफ्नो चेलाहरूलाई एउटा सानो डुङ्गा तयार गर्नु भन्नुभयो। उहाँले यस्तो आदेश गर्नुभयो किनभने भीडको कारणले थिचोमिचो पो हुने होकि भन्ने डर थियो [10] येशूले धेरै मानिसहरूलाई निको तुल्याउनु भएको थियो। यसर्थ सबै रोगी मानिसहरूले उहाँलाई छुन भनेर ठेलमठेला गदर्थे।

- किनभने भीडमा ठेलमठेल भइरहेको थियो त्यसैले येशूले चेलाहरूलाई एउटा डुङ्गा बनाउन भन्नुभयो ।

- त्यहाँ येशूजस्तो कोही पनि थिएन ।
- येशू सबैभन्दा महान् हुनुहन्छ ।

- जब भूतहरूले येशूलाई भेटे तब तिनीहरूले के भने ?

आउनुस् मर्कूस् ३:११ पद पढौं ।

11 कसैलाई दुष्टआत्मा लागेको थियो, जब त्यो दुष्टआत्माले येशूलाई देख्यो, तिनीहरूले उहाँ अघि शिर निहुराए, अनि कराए, "तपाई परमेश्वरका पुत्र हुनुहुन्छ।"
- भूतहरूले येशूलाई के भने ?
- तिनीहरूले उहाँलाई परमेश्वरका छोरा भने ।

- भूतहरूले किन येशूलाई परमेश्वरका छोरा भने ?
- किनभने भूतहरूलाई येशू पिता परमेश्वरबाट आउनुभएको हो भन्ने थाहा थियो ।

- यद्यपि मानिसहरूलाई येशू पिता परमेश्वरबाट आउनुभएको हो भन्ने थाहा थिएन तर भूतहरूलाई येशू पिता परमेश्वरबाट आउनुभएको हो भन्ने थाहा थियो ।

- येशू परमेश्वर हुनुहुन्छ भन्ने कुरा भूतहरूलाई कसरी थाहा भयो ?

- किनभने भूतहरू शैतानलाई पछ्याएर दुष्ट बन्नुभन्दा पहिले स्वर्गमा असल स्वर्गदूतका रूपमा येशूको सेवा गर्दथे ।

- सबै भूतहरूलाई येशू परमेश्वर हुनुहुन्छ भन्ने थाहा थियो ।

- भूतहरूले तपाईंले येशूलाई विश्वास गर्नुहोस् भन्ने किन चाहदैनन् ?
- किनभने तिनीहरू तपाईंमा आफ्नो शक्ति ह्रास भएको चाहदैनन् ।

- यदि तपाईंले येशूमा विश्वास गर्नुभयो भने तपाईंलाई येशूले भूतको शक्तिबाट मुक्त पार्नुहुन्छ ।

- येशूले भूतलाई के आज्ञा दिनुभयो ?

आउनुस् मर्कूस ३:१२ पद पढौं ।

[12] तर उहाँ को हुनुहुन्छ मानिसहरूलाई नचिनाउनु भनी ती दुष्टआत्माहरूलाई कड़ा आज्ञा दिनुभयो।

- येशूले भूतहरूलाई उहाँ को हुनुहुन्छ भनेर कसैलाई नभन्न भन्नुभयो ।

- किन येशूले भूतहरूले उहाँ को हुनुहुन्छ भनी कसैलाई नभनेको चाहनुभयो ?

- येशूले मानिसहरूले उहाँले भन्नुभएको कुराको आधारमा उहाँमाथि विश्वास गरेको चाहनुभयो , परमेश्वर हामीले परमेश्वरको वचनको आधारमा येशूमा विश्वास गरौं भनी चाहनुहुन्छ ।

- मानिसहरूको उपचार गरिसकेपछि येशू डाँडातिर जानुभयो ।

आउनुस् मर्कुस् ३:१३-१९ पद पढौं ।

[13] त्यसपछि येशू पहाडमाथि लाग्नुभयो। येशूले केही मानिसहरूलाई आफू कहाँ बोलाउनु भयो। ती मानिसहरूलाई येशूले नै छान्नु भएको थियो। ती मानिसहरू येशू भएकहाँ पुगे। [14] येशूले बाह्रजनालाई चुन्नु भयो अनि तिनीहरूलाई “प्रेरित” भनेर भन्नुयो। येशूले ती बाह्रजना मानिसहरूलाई उहाँसित बस्नु, अनि प्रचारका निम्ति, अरू स्थानमा पठाउन चाहनुहुन्थ्यो। [15] अनि येशूले ती मानिसहरूलाई अरू मानिसहरूमा लागेको दुष्ट आत्मा हटाउने शक्ति प्राप्त होस् भन्ने चाहनुहुन्थ्यो। [16] येशूले छान्नु भएका ती बाह्रजना मानिसहरू थिए: सिमोन (जसलाई उहाँले पत्रुस नाउँ दिनु भएको थियो), [17] याकूब र यूहन्ना, जब्दीका छोराहरू (जसलाई येशूले बोअनर्गेश नाउँ दिनुभएको थियो जसको अर्थ हुन्छ “गर्जनका छोराहरू”), [18] आन्द्रियास, फिलिप, बारथोलोमाई, मत्ती, थोमा, याकूब (अल्फयसको छोरो), थेदियस, सिमोन कनानी, [19] अनि यहूदा इस्करियोती (जसले येशूसित विश्वासघात गरेको थियो)।

- उहाँलाई पछ्याउने मानिसहरूमध्येबाट येशूलाई कतिजनालाई उहाँका चेला हुन छान्नुभयो ?
- बाह्रजना ।

- ती बाह्रजना मानिस के कहलाइए ?

- प्रेरित ।

- जसलाई येशूले प्रेरित हुन छान्नुभएको थियो ती मानिसहरू न त राम्रोसँग लेखपढ गर्न सक्थे न त तिनीहरूका साथमा धेरै पैसा नै थियो ।

- येशूले छान्नुभएका बाह्रजना चेला मध्ये एकजनाको नाउँ येहूदा थियो ।

- येहूदाले येशूमा विश्वास गर्छु भनी भन्थ्यो तर उसले केवल मुखले मात्रै भनेको थियो ।

- उसको हृदयमा येहूदा येशूलाई विश्वास गर्दैनथ्यो ।

- अरू १२ जना चेलाहरू येहूदाले येशूमा विश्वास गर्दैन भनी जान्दैनथे तर येशू जान्नुहुन्थ्यो ।

- येशूलाई येहूदाले एकदिन धोका दिनेछ भन्ने पनि थाहा थियो ।

- सायद हामी मानिसलाई धोका दिन सकौंला ।

- सायद हामी मानिसहरूलाई येहूदाले जस्तै धोका दिन सकौंला र भनौंला कि हामी परमेश्वरलाई प्रेम गर्छौं ।

- तर हामी परमेश्वरलाई कहिल्यै पनि छल्न सक्दैनौं ।

- परमेश्वर हाम्रो हृदयमा हेर्नुहुन्छ ।

- परमेश्वरलाई हामी येशूलाई हृदयदेखि प्रेम गर्छौं वा खाली मुखले मात्रै प्रेम गर्छौं भन्छौं भन्ने थाहा छ ।